# हामीलाई कसरी जानकारी गराउने?

यो तथ्यपत्रले तपाईंलाई कोहि अपाङ्गता भएको व्यक्ति जोखिममा छन् भन्ने महसुस भएमा कसरी जानकारी गराउने भनेर बताउँछ।

## हाम्रा बारेमा

तस्मानिया अपाङ्गता आयुक्त (Tasmanian Disability Commissioner) 1 जुलाई 2025 मा *अपाङ्गता अधिकार, समावेशीकरण र सुरक्षा ऐन 2024 (Disability Rights, Inclusion and Safeguarding Act 2024) (ऐन*) अन्तर्गत स्थापित एक स्वतन्त्र प्राधिकरण हो।

क्याथरीन व्हिटिङ्टन (Catherine Whitington) तस्मानियाकी पहिलो अपाङ्गता आयुक्त हुन्। अपाङ्गता आयुक्तले सरकारको निर्देशन बिना आफ्नै निर्णय लिन ऐन प्रयोग गर्दछ।

अपाङ्गता आयुक्त तस्मानिया भन्नाले ऐन अन्तर्गतका कार्यहरू गर्न अपाङ्गता आयुक्तलाई सहयोग गर्ने कार्यालय र कर्मचारीलाई जनाउँछ।

हामी तस्मानिया/लुत्रुविता (Lutruwita) मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा प्रवर्द्धन गर्नका लागि काम गर्छौं। हामी सम्भावित हानि रोक्न, समावेशीकरणलाई बढावा दिन, र अपाङ्गता भएका मानिसहरूलाई सम्मान तथा आदरका साथ व्यवहार गरिएको सुनिश्चित गर्नमा केन्द्रित छौं।

## हामीलाई जानकारी गराउने

यदि तपाईंले कोहि अपाङ्गता भएको व्यक्ति जोखिममा रहेको महसुस गर्नुहुन्छ भने हामीलाई रिपोर्ट गर्न सक्नुहुन्छ।

यसमा निम्न कुराहरु समावेश हुन्छन्:

- हिंसा
- दुर्व्यवहार
- उपेक्षा
- जबरजस्ती
- शोषण।



1800 179 249 वा +61 3 6270 5500

इमेल: contact@disabilitycommissioner.tas.gov.au

disabilitycommissioner.tas.gov.au

रिपोर्ट तपाईंको आफ्नै बारेमा, तपाईंले चिनेको व्यक्तिका बारेमा वा तपाईंले देख्नुभएको घटनाको बारेमा पनि हुन सक्छ। तपाईंले आफ्नो नाम गोप्य राख्न सक्नुहुन्छ।

रिपोर्टले समस्या समाधान गर्न मद्दत गर्न सक्छ। हामीलाई रिपोर्ट गर्ने व्यक्तिहरू *अपाङ्गता अधिकार, समावेशीकरण र सुरक्षा ऐन २०२४*अन्तर्गत सुरक्षित रहन्छन्।

हामीले तपाईंको कुरा सुन्नेछौं र तपाईंको रिपोर्टलाई गम्भीरतापूर्वक लिनेछौं।

## रिपोर्ट बनाउन तपाईंलाई कसले मद्दत गर्न सक्छ?

परिवारको सदस्य वा विश्वसनीय व्यक्ति, जस्तै साथी, सहयोगी व्यक्ति वा वकिलले तपाईंलाई रिपोर्ट बनाउन मद्दत गर्न सक्छन्।

राष्ट्रिय रिले सेवाले तपाईंलाई हामीसँग कुराकानी गर्न मद्दत गर्न सक्छ।

- बोल्ने र सुन्ने (भ्वाइस - टु - भ्वाइस): 1300 555 727
- TTY/भ्वाइस कलहरू: 13 36 77
- TTY (प्रकार र पढ्नुहोस्): 1800 555 677
- SMS रिले नम्बर: 0423 677 767
- इन्टरनेट रिले कलहरू: https://nrschat.nrscall.gov.au/nrs/internetrelay

## हामीलाई कसरी जानकारी गराउने?

तपाईंले आफूलाई सबैभन्दा उपयुक्त लाग्ने तरिकाबाट हामीलाई जानकारी गराउन सक्नुहुन्छ।

- फोन: 1800 179 249 (निःशुल्क फोन) वा 03 6270 5500
- इमेल: contact@disabilitycommissioner.tas.gov.au
- अनलाइन फारम: www.disabilitycommissioner.tas.gov.au/report
- प्रत्यक्ष सम्पर्कका लागि: Level 5, 188 Collins Street, Hobart, वा तपाईंले आफ्ना लागि सुरक्षित महसुस गर्ने ठाउँ। भेट्नका लागि समय बुक गर्न हामीलाई सम्पर्क गर्नुहोस्।
- हुलाक ठेगाना: Disability Commissioner Tasmania, GPO Box 123, Hobart 7001

## हामीले तपाईंको रिपोर्ट (जानकारी) प्राप्त गरेपछि के हुन्छ?

जब हामीले रिपोर्ट प्राप्त गर्छौं, हामीले प्राप्त जानकारीको ध्यानपूर्वक विचार र मूल्याङ्कन गर्छौं।

समस्या बुझ्नका लागि हामीले थप जानकारी सङ्कलन गर्न सक्छौं।

**तपाईंको आवाज। तपाईंको अधिकार । हाम्रो उद्देश्य**

1800 179 249 वा +61 3 6270 5500

इमेल: contact@disabilitycommissioner.tas.gov.au

disabilitycommissioner.tas.gov.au

हामीलाई थप जानकारी चाहिएमा तपाईंलाई सम्पर्क गर्नेछौं र तपाईंको रिपोर्टमा के भइरहेको छ भनेर बताउनेछौं।

## तपाईंको गोपनीयता

तपाईंको जानकारी गोप्य राख्न र जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न हामी कानुनको पालना गर्छौं।

## थप जानकारी

तपाईंले हाम्रो वेबसाइटमा गएर कसरी जानकारी (रिपोर्ट) गराउने भन्ने बारे थप जानकारी पाउन सक्नुहुन्छ: www.disabilitycommissioner.tas.gov.au

यदि तपाईं वा अरू कोही तत्काल खतरामा हुनुहुन्छ भने, 000 (तीन शुन्य) मा फोन गर्नुहोस्।

## अस्ल्यान (Auslan) र अडियोमा जानकारी

यो जानकारी Auslan र अडियोमा फेला पार्न QR कोड स्क्यान गर्नुहोस्।

## कृतज्ञता

हामी तस्मानियाका सबै आदिवासी मानिसहरू, उनीहरूको पहिचान तथा संस्कृतिलाई स्वीकार र सम्मान गर्दछौं।

हामी अपाङ्गता भएका व्यक्तिहरू, परिवारका सदस्यहरू, हेरचाहकर्ताहरू र समर्थकहरूको जीवन तथा जीवन अनुभवलाई स्वीकार गर्दछौं।



1800 179 249 वा +61 3 6270 5500

इमेल: contact@disabilitycommissioner.tas.gov.au

disabilitycommissioner.tas.gov.au